मिति २०८०।०४।१३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।
बैठक सञ्चालन मितिः २०८०।०४।१३ गते।
बैठक बसेको समयः बिहान ८.०० बजे।

उपस्थिति

| क.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | (हस्ताक्षर) |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | (हस्ताक्षर) |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | (हस्ताक्षर) |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | (हस्ताक्षर) |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | (हस्ताक्षर) |
| ८. | श्री वीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | (हस्ताक्षर) |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | (हस्ताक्षर) |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | (हस्ताक्षर) |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर वस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | (हस्ताक्षर) |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १८. | श्री कमल बहादुर दर्मै | गाउँ कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| श्री सन्तोष घिमिरे, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | (हस्ताक्षर) |
| अन्य उपस्थितिः | | | |
| श्री युवराज काफ्ले, शिक्षा अधिकृत | | | |
| श्री वरुण आले मगर, रोजगार संयोजक | | | |
| श्री सुमित भण्डारी, पूर्वाधार विकास शाखा | | | |
| श्री विमल राज काफ्ले, आर्थिक प्रशासन शाखा | | | |
| श्री इन्द्रजीत मण्डल, पूर्वाधार विकास शाखा | | | |

श्री प्रेम न. लुंगेली
प्र.शि.अ. तारानाथ अधिकारी - को.ले.



Scanned with CamScanner

मिति २०८०।०४।१३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

**प्रस्तावहरुः**

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्बन्धित शाखा/वडा/विषयगत समिति |
|---|---|---|
| १. | अघिल्लो गाउँ कार्यपालिकाको बैठकको निर्णय र कार्यान्वयन उपर समीक्षा गर्ने। | सम्बन्धित सबै |
| २. | नदीजन्य पदार्थ (ढुंगा/गिटी/बालुवा) को ठेक्का बन्दोबस्त गर्ने। | पूर्वाधार विकास शाखा |
| ३. | भारतीय राजदुतावासबाट प्राप्त एम्बुलेन्स सञ्चालनका लागि करार सेवामा हलुका सवारी चालक माग गर्ने। | स्वास्थ्य शाखा |
| ४. | प्राविधिक विधामा रोजगारी, तीनपाटनका छोराछोरी र सामुदायिक स्वास्थ्य बिमा कार्यक्रम कार्यान्वयनका लागि कार्यविधिको मस्यौदा तर्जुमा गर्ने। | शिक्षा शाखा |
| ५. | गाउँ कार्यपालिकाको कार्यालय परिसरमा क्यान्टिन सञ्चालनका लागि ठेक्का बन्दोबस्त गर्ने। | जिन्सी शाखा |
| ६. | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थलमा आधारित सीप विकास तालिमको ट्रेड (विधा) छनोट गर्ने। | रोजगार सेवा केन्द्र |
| ७. | भौगोलिक विकटताका कारण १ नं. वडा र ५ नं. वडा कार्यालयबाट प्रवाह हुने नियमित सेवालाई विस्तार गर्ने व्यवस्था मिलाउने। | प्रशासन शाखा |
| ८. | सहायक कम्प्युटर अपरेटर र असिष्टेण्ट सब इञ्जिनियरहरुको करार सेवाको म्याद ६ महिनाका लागि मात्र र अन्य करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद एक वर्षका लागि थप गर्ने। | प्रशासन शाखा |
| ९. | जिल्ला प्रशासन कार्यालय, सिन्धुलीको राहदानी शाखाबाट उपलब्ध हुने सेवालाई छिटो छरितो बनाउन साविकदेखि नै कर्मचारी व्यवस्थापनका लागि कमलामाई नगरपालिका मार्फत् गाउँपालिकाबाट आर्थिक सहयोग उपलब्ध गराउँदै आइएकोमा उक्त कार्यलाई निरन्तरता दिने। | प्रशासन शाखा |
| १०. | घ वर्गको निर्माण व्यवसायलाई इजाजत पत्र उपलब्ध गराउने। | पूर्वाधार विकास शाखा |
| ११. | कार्यालय सामान, मसलन्दका खरिदको विद्युतीय ठेक्का प्रकाशन गर्ने। | जिन्सी शाखा |
| १२. | श्री प्रा.वि. लाम्पनडाँडाको छाना मर्मत गर्ने। | पूर्वाधार विकास शाखा |
| १३. | विविध। | |



Scanned with CamScanner

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा मिति २०८०।०३।२६ गते बसेको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णय बमोजिम खानेपानी तथा सिंचाई पाइप/सिचाँई पाइप/विपद्को लागि जस्तापाता लगायतको ठेक्का बन्दोवस्त, नीति तथा कार्यक्रम पुस्तिका छपाई लगायतका अन्य विषयहरु कार्यान्वयनको प्रकृया एवम् कार्यसम्पन्न समेत भएको विषयमा बैठकमा समीक्षात्मक छलफल गरियो।

**निर्णय नं. (२)**

प्रस्ताव नं. (२) माथि छलफल गर्दा टपकन इञ्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि., बुद्धनगर, काठमाण्डौंले तयार गरी पेश गरेको तीनपाटन गाउँपालिका क्षेत्रभित्रका नदीहरुबाट ढुंगा, गिटी, बालुवा, संकलन तथा उत्खनन कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७९ उपर बैठकमा व्यापक छलफल भयो र उक्त प्रतिवेदन स्वीकृत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो। यसका साथै उक्त प्रतिवेदनको पाना नम्बर १४ देखि पाना नम्बर १६ सम्म उल्लेख भएको संकलन क्षेत्रको मौज्दात परिमाण र संकलन गर्न सकिने परिमाण महलमा खुलाइएको देहायमा उल्लिखित स्थानबाट चालु आर्थिक वर्ष २०८०।०८१ मा आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

| क्षेत्र/स्थान | उत्खनन गर्न सकिने कुल परिमाण (घन मिटर) | एक वर्षका लागि ठेक्का बन्दोबस्त गर्न सकिने परिमाण (घन मिटर) | न्युनतम ठेक्का अंक (बागमती प्रदेश सरकारको आर्थिक ऐन, २०८० ले निर्धारण गरेको दरलाई ठेक्का बन्दोबस्त गरिने परिमाणले गुणन गरिएको) |
|---|---|---|---|
| ठेक्का प्याकेज पहिलो: | | | |
| लङ्गुर खोला घाट, लङ्गुर खोला वडा नं ५, | २६०० | १३०० | |
| तिलङ्गे दोभान, जिर्घाह खोला, वडा नं २ र ३ | ३३६० | १६८० | |
| जिर्घा खोला वडा नं २ | ६७४९ | ३३७४ | |
| लङ्गुर दोभान, चँदाहा खोला, वडा नं १ | १७००० | ८५०० | |
| शाखमाडी चँदाहा खोला, वडा नं १ | ५६०० | २८०० | |
| पहिरे घाट, २ नं वडा | ८८०० | ४४०० | |
| जम्मा | | २२०५४ (७७८७२६।७४ घन फिट) | ७०,०८,५४०।६६ (सत्तरी लाख आठ हजार पाँच सय चालीस रुपैंया पैसा छैसठ्ठी मात्र) |
| ठेक्का प्याकेज दोस्रो | | | |



कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| उत्तरायण घाट वाक्सु खोला वडा नं ८ | १५०० | ७५० | |
| आकाशेफेदी हाडीखोला वडा नं ४ र वडा नं ११ | १८०४ | ९०२ | |
| धोबीखोला दोभान वडा नं ४ र वडा नं ११ | १८२० | ९१० | |
| ढाँडेवेसी कन्याखोला, वडा नं ९ र वडा नं ११ | १२०० | ६०० | |
| भालुखोला दोभान, वडा नं ४ र वडा नं १० | ३८०० | १९०० | |
| वेल्टार भालुखोला वडा नं ४ र वडा नं १० | १०८७४ | ५४३७ | |
| बद्रेनीफाँट भालुखोला वडा नं ५ | ७२८० | ३६४० | |
| मझुवाफाँट भालुखोला वडा नं ५ | ३६०० | १८०० | |
| वाङरिङफेदी वाङरिङ खोला, वडा नं १० | १२६० | ६३० | |
| मझुवाटार चँदाहाखोला वडा नं ५ | ७९२० | ३९६० | |
| करौजे घाट चँदाहाखोला वडा नं ५ | ७२०० | ३६०० | |
| वगुवाघाट वडा नं ५ | ६००० | ३००० | |
| सनिघाट वडा नं ५ | १२००० | ६००० | |
| जम्मा | | ३३१२९ (११६९७८४।९९ घन फिट) | १०५२८०६४।९१ |

यसका साथै उक्त ठेक्का बन्दोबस्तका लागि देहायमा उल्लिखित ढाँचामा सार्वजनिक सूचना जारी समेत गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहाय

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष



Scanned with CamScanner

मिति २०८०।०४।१३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

नदीजन्य पदार्थ (ढुंगा,गिटी,बालुवा) उत्खनन, संकलन तथा विक्री गर्ने कार्यको ठेक्का बन्दोवस्ती सम्बन्धी बोलपत्र आह्वानको सूचना।

प्रथम पटक प्रकाशित मिति: २०८०।०४।१५

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ (६) र दफा ६२ (क) बमोजिम I.E.E. प्रतिवेदनमा तोकिएको क्षेत्र र नाकाबाट ढुङ्गा, गिटी बालुवा उत्खनन् संकलन, तथा विक्री शुल्क असुली गर्न तपसिल बमोजिमको नदी/खोलाबाट तोकिएको परिमाणमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधिभित्र तपसिल बमोजिमका शर्तको अधिनमा रही (छुट्टाछुट्टै BoQ भरी) विद्युतीय बोलपत्र पेश गर्नुहुन यो सार्वजनिक सूचना जारी गरिएको छ।

तपसिल

| सि.न. | ठेक्का नं. | ठेक्काको नाम | उत्खनन हुने क्षेत्र | उत्खनन् योग्य परिमाण (घनफिट) | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | कबोल गरेको रकम को ५ प्रतिशत | ३,०००/- अक्षरेपी तीन हजार मात्र | |
| २ | | | | | | कबोल गरेको रकम को ५ प्रतिशत | ३,०००/- अक्षरेपी तीन हजार मात्र | |

- नदीजन्य पदार्थ (ढुङ्गा, गिटी बालुवा) को दर प्रति घन फिट (भ्याट बाहेक) रु. ९।००।
- सि.नं. १ र २ को दुवै बोलपत्रहरुका लागि देहायका शर्तहरू हुनेछन् र ईच्छुक बोलपत्रदाताले छुट्टाछुट्टै BoQ भरी शर्तहरूमा उल्लेख भए बमोजिम पेश गर्नु पर्नेछ।

शर्तहरु:

१. प्रति बोलपत्र फारम दस्तुर रकम रु ३,०००।०० (अक्षरेपी तीन हजार रुपैंया) देहायको खातामा जम्मा गर्न सकिनेछ । जम्मा गरेको राजस्व भौचर र धरौटी बापतको रकम वा बैंक ग्यारेन्टीको Scan कपी बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ । बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरु https://bolpatra.gov.np/egp मार्फत डाउनलोड गर्न सकिने छ। सि.नं. १ र २ को बोलपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम वा बैंक ग्यारेन्टी माथि उल्लिखित दुवै ठेक्काको छुट्टाछुट्टै पेश गर्नु पर्नेछ।

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष



Scanned with CamScanner

मिति २०८०।०४।१३ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

देहाय (बोलपत्र फारम दस्तुर र धरौटी रकम बुझाउने सम्बन्धी विवरण)

| क्र.स. | कार्यालय / कोड नं. | बैंकको नाम | बोलपत्र फारम दस्तुरका लागि राजस्व दाखिला गर्ने खाता नं. | धरौटी खाता नं. | कैफियत |
|---|---|---|---|---|---|
| क | तीनपाटन गाउँपालिका | ग्लोबल आइ एम इ बैंक तीनपाटन शाखा | | | |

नोटः कबोल अंकको ५ प्रतिशत धरौटी तीनपाटन गाउँपालिकाको क्र.स. (क) मा तोकिएको धरौटी खाता वा तीनपाटन गाउँपालिकाको नाममा जारी गरिएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

२. बोलपत्र फारम यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन, दिनको १२:०० बजेसम्ममा अनिवार्य Online प्रणालीमा पेश गरी सक्नुपर्नेछ।

३. बोलपत्र दर्ता भएको दिंन, दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलत्रदाताहरुको प्रतिनिधिको रोहबरमा बोलपत्रहरु खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलपत्रदताको प्रतिनिधिहरु उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन साथै प्रि बिड बैठक मिति सूचना प्रकाशित भएको मितिको एक्काइसौं दिन दिउँसो ०२:०० बजे कार्यालयमा हुनेछ।

४. बोलपत्रदाताले आफूले कबोल गरेको कबोल रकमको ५ प्रतिशतले हुने रकम शर्तको बुँदा नं. १ (क) धरौटी खाता नं. मा जम्मा गरेको भौचर वा "क" बर्गको बैंकबाट बोलपत्र नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिनसम्म म्याद भएको रितपूर्वकको बोलपत्र जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले बोलपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७८/०७९ सम्मको कर तिरेको प्रतिलिपि र स्वःघोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात Scan Copy अपलोड गर्नुपर्नेछ।

५. बोलपत्र स्वीकृत पश्चात् स्वीकृत बोलपत्रदाताले पत्र बुझेको वा सूचना प्रकाशन भएको वा आधिकारिक ईमेलमा पत्र पठाईएको १५ (पन्ध्र) दिनभित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत वापतको सम्पूर्ण धरौटी रकम जफत गरी बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचीमा राखिनेछ।

६. बोलपत्रदाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत सम्म छुट दिन सकिनेछ। १३ प्रतिशत मु.अ.कर र १.५ प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी/गराई तीनपाटन गाउँपालिकाको विभाज्य कोष खाता नं. मा दाखिला गर्नु पर्नेछ।

७. किस्तामा बुझाउन चाहने बोलपत्रदाताहरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ। प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकम (सम्पूर्ण कर बाहेक) को ४० प्रतिशत, दोस्रो किस्ता ४० प्रतिशत बापत २०८० फागुन मसान्त र तेस्रो किस्ता २० प्रतिशत बापत २०८० चैत्र मसान्तसम्ममा जम्मा गर्नु पर्नेछ । साथै १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १.५ प्रतिशत अग्रिम आय कर रकम बोलपत्रदाताले सम्झौता पूर्वनै कार्यालयमा दाखिला गर्नु पर्नेछ तथा किस्तामा रकम बुझाउने भएमा बोलपत्रदाताले ठेक्का सम्झौता पछि बुझाउन बाँकी ६० प्रतिशत बराबरको "क" वर्गको बैंकबाट २०८१ असोज मसान्तसम्म म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ। कबोलकर्ताले यस शर्त बमोजिम तोकिएको अवधिभित्र दोश्रो

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष



Scanned with CamScanner

किस्ता वापतको रकम जम्मा नगरेमा तेश्रो किस्ता समेतको रकम २०८० चैत्र १ गते निज कबोलकर्ताले पेश गरेको बैंक ग्यारेन्टी जफत गरी असूल उपर गरिनेछ।

८. ठेक्काको अवधि सम्झौता अवधि देखि २०८१ जेष्ठ मसान्तसम्मको लागि मात्र हुनेछ । यदि तोकिएको अवधिभन्दा पहिले तोकिएको परिमाण उत्खनन भएको पाईएमा थप उत्खनन गर्न रोक लगाइनेछ।

९. ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यस्तै प्रकारको अन्य अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन।

१०. नदीजन्य पदार्थ उत्खनन् संकलन तथा विक्री शुल्क प्रदेश सरकारले तोकेको दर बमोजिम (स्टक प्रमाणित समेत) संकलन गर्नुपर्नेछ।

११. प्रदेश कानूनका आधारमा स्टक प्रमाणित (क्रसरको प्रशोधित र अप्रशोधित पदार्थ लगायत विभिन्न स्थानमा भण्डारण गरी राखेको) गर्नु/गराउनु पर्नेछ।

१२. यस कार्यालयले निर्धारण गरेको दररेटभन्दा बढी असुल गरेको पाइएमा नियम अनुसार कारवाही भई ठेक्का रद्द समेत हुन सक्नेछ।

१३. बोलपत्रदाताले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।

१४. उत्खनन क्षेत्र, परिमाण, प्रविधि, तरिका र दुरीका सम्बन्धमा श्रमजन्य प्रविधि/प्रकृयाबाट मात्र तोकिए बमोजिमका नाकाहरुबाट तोकिए बमोजिमको परिमाणमा उत्खनन, संकलन तथा विक्री गर्नु पर्नेछ (कुनै पनि प्रकारको उत्खनन गर्ने मेसिनको प्रयोग गर्न पाईने छैन)।

१५. खोलाजन्य पदार्थ उत्खनन र संकलन गर्दा प्राकृतिक धारा, घाट, कुलो, पैनी, बाँध, लोकमार्ग र सडकमार्ग एवं सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी तोकिएका स्थानहरुबाट मात्र तोकिए बमोजिम संकलन तथा ओसारपसार गर्नु/गराउनु पर्नेछ।

१६. गाउँपालिकाले स्वीकृत गरी अपलोड गरेको Bid Document नै यस प्रयोजनका लागि Standard Bid Document का रुपमा मानिनेछ।

१७. बोलपत्रदाताले गाउँपालिकाबाट स्वीकृत गरी अपलोड गरेको खोलाजन्य पदार्थको उत्खनन तथा विक्री सम्बन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नु पर्नेछ तर, बोलपत्रदाताले अपलोड गरेको/भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो बोलपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन।

१८. गाउँपालिकाले यस प्रकृयामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ। तोकिएको समयभित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा क्रमशः दोस्रो र तेस्रो लगायतका बोलपत्रदातालाई सम्झौताका लागि पत्राचार गरिनेछ। अधिकतम कबोल गर्ने बोलपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो बोलपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बीचको फरक रकम समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने बोलपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ। यो प्रकृया क्रमशः दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ।

१९. सम्झौता भएपछि बोलपत्रदाताले तोकिएको समयभित्र तोकिएको परिमाण उत्खनन गरी भण्डारण गर्नुपरेमा तीनपाटन गाउँपालिकाको पूर्व स्वीकृति लिई तोकिएको स्थान र क्षेत्रमा भण्डारण गर्नु पर्नेछ। नदीजन्य पदार्थ



कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

भण्डारण गर्दा ऐलानी पर्ति वा खोलाको बगर क्षेत्रमा भण्डारण गर्न पाईने छैन। स्वीकृति लिई भण्डारण गरिएका खोलाजन्य पदार्थहरुको २०८१ असाढ असान्त भित्र मौज्दात शुन्य गरी सक्नु पर्नेछ।

२०. २०८१ जेष्ठ मसान्तदेखि २०८१ असाढ मसान्तसम्म सम्झौता गरेको वोलपत्रदाता वा सो समयभित्र वा पछि अन्य कानुन बमोजिम नदीजन्य पदार्थ खरिद गरी मौज्दात गर्न योग्यता पुगेको व्यक्ति/फर्म/कम्पनीले मौज्दात गरेको परिमाण प्रमाणित गर्नुपर्ने भएमा (Stock प्रमाणित) प्रति घन फिट रु ०।५० (पचास पैसा) का दरले गाउँपालिकालाई प्रमाणित दस्तुर बुझाउनु पर्नेछ। आषाढ मसान्तसम्म स्टक प्रमाणितका लागि पेश नभएका साथै नियमानुसार स्टक प्रमाणित नभएका खोलाजन्य पदार्थहरुको हकमा गाउँपालिकाले जफत गरी लिलाम बिक्री वा आवश्यकतानुसारको निर्णय गर्न सक्नेछ।

२१. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएको शर्तको अधिनमा रही खोलाजन्य पदार्थ उत्खनन् संकलन गर्नु पर्नेछ। साथै, यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन यस बोलपत्रको अभिन्न अंग हुनेछ।

२२. ठेक्का तयारी तथा सोसँग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनु पर्नेछ।

२३. बोलपत्रदाताले आफ्नो खर्चमा उत्खनन् गर्ने खोलाहरुको नाका भ्रमण गर्न सक्नेछन्।

२४. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार गाउँपालिकामा निहित हुनेछ।

२५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन।

२६. बोलपत्रदाता तथा गाउँपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

२७. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ।

२८. यस प्रकृयामा सहभागी हुने बोलपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेश गरिएको मानिनेछ।

२९. माथि जुनसुकै कुरा उल्लेख भएता पनि खोलाजन्य पदार्थ उत्खनन्, संकलन गर्ने नाका वा क्षेत्राधिकार भित्र संघीय/प्रदेश वा स्थानीय सरकारले आ.व.२०८०/८१ मा कुनै पुल लगायतको संरचना निर्माण गर्ने भएमा उक्त नाकाबाट उत्खनन् गर्ने परिमाणलाई आधार मानी कार्यपालिकाको निर्णयका आधारमा फिर्ता/छुट/मिनाहा दिन सकिनेछ। तर VATR TDS मा भने सो सुविधा प्रदान हुने छैन।

३०. माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु तीनपाटन गाउँपालिका सार्वजनिक खरिद नियमावली, प्रचलित कानून र स्थापित सार्वजनिक हितका मान्यता मुताविक हुनेछ। थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**निर्णय नं.(३)**

प्रस्ताव नं. (३) माथि छलफल गर्दा भारतीय राजदुतावास मार्फत् प्राप्त एम्बुलेन्स सञ्चालनका लागि करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि बमोजिम एकजना सवारीचालक नियुक्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (४)**

प्रस्ताव नं. (४) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८०।०८१ का लागि बाह्रौं गाउँ सभाबाट स्वीकृत प्राविधिक विधामा रोजगारी, तीनपाटनका छोराछोरी र सामुदायिक स्वास्थ्य विमा कार्यक्रम सञ्चालन



कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

तथा व्यवस्थापनका लागि कार्यविधिको मस्यौदा तयार गरी आगामी कार्यपालिकाको बैठकमा पेश गर्न सम्बन्धित विषयगत समिति र गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (५)**

प्रस्ताव नं. (५) माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयको परिसरमा निर्माण भैरहेको नयाँ भवनको भुँई तलामा क्यान्टिन सञ्चालनका लागि देहायमा उल्लिखित शर्त खोली क्यान्टिन सञ्चालन गर्न स्थानीयस्तरमा सार्वजनिक सूचना जारी गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

यस तीनपाटन गाउपालिकाको कार्यालयको कम्पाउण्डभित्र रहेको भवनमा चमेनागृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक संस्था, फर्म तथा व्यवसायीहरुका लागि सिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्वन्धी १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रु १०००।- (अक्षरुपी एक हजार मात्र) दस्तुर फिर्ता नहुने गरी तिरी कार्यालय समयभित्र दरभाउ पत्र खरिद गर्न सकिनेछ।

२. दरभाउ पत्र नियमानुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरि सक्नु पर्नेछ। यसरी दर्ता हुन आएका दरभाउ पत्रहरु दिनको २ बजे खोलिनेछ।

३. दरभाउ पत्र वन्दी खाम वाहिर दरभाउ पेश कर्ताको नाम, ठेगाना, सम्पर्क नं. स्पष्टसँग उल्लेख गर्नुपर्ने छ। साथै दरभाउ पत्र भित्र निम्न कागजातहरु समावेश गर्नु पर्नेछ।

- सञ्चालकको नेपाली नागरिकताको प्रमाणपत्र।
- भ्याटमा दर्ता भएको प्रमाणपत्र।
- व्यवसाय दर्ता प्रमाणपत्र।
- आ.व. २०७८ ०७९ को कर चुक्ताको प्रमाणपत्र।
- गाउँपालिकालाइ तिर्न वा बुझाउनु पर्ने रकम नभएको।
- कार्यालयबाट खरिद गरिएको दरभाउ पेश गर्ने फारम रितपूर्वक भरि सहि छाप लगाएको हुनु पर्नेछ।
- गाउँपालिकाको धरौटी खातामा कम्तीमा पचास हजार रुपैंया धरौटी जम्मा गरेको हुनु पर्नेछ।

४. क्यान्टिन सञ्चालनका लागि न्यूनतम मासिक रु ३०००।- (तीन हजार) घरभाडा कायम गरिएको छ। कबोल गर्दा आफुले तिर्ने न्यूनतममा नघटाई मासिक भाडा समेत खुलाउनु पर्नेछ।

५. क्यान्टिन भित्र धुम्रपान तथा मदिराजन्य वस्तुहरुको विकि वितरण गर्न पाईने छैन।

६. कार्यालयले तोकेको समयमा मात्र क्यान्टिन सञ्चालन गर्नु पर्नेछ।

७. क्यान्टिन सञ्चालन गरे वापतको विधुत महशुल तथा खानेपानी महशुल क्यान्टिन सञ्चालकले वुझाउनु पर्नेछ।

८ दरभाउ पत्र मूल्यांकन गर्दा न्युनतम खाजा तथा खानाको दर, क्यान्टिनका लागि तोकिएको न्युनतम मासिक भाडादरभन्दा बढी भाडा तिर्ने दर र तोकिएको न्युनतमभन्दा बढी धरौटी रकम जम्मा गरेको रकमलाई मुख्य सूचक लिई दरभाउपत्रको मूल्यांकन गरिनेछ।

९. चमेनागृह सञ्चालनका लागि फर्म/संस्था तथा व्यवसायीहरु मु.अ.कर मा अनिवार्य दर्ता हुनु पर्नेछ।

१०. माथि उल्लेखित वाहेकको हकमा तीनपाटन गाउँ कार्यपालिकाले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ।

११. थप जानकारीका लागि कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**निर्णय नं. (६)**

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष



Scanned with CamScanner

प्रस्ताव नं. (६) माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यस्थलमा आधारित सीप विकास तालिमको ट्रेड (विधा) का लागि डकर्मी र विद्युत वाईरिङ विधा छनोट गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**<u>निर्णय नं.</u> (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा गाउँपालिकाको १ नं. वडा र ५ नं. वडाको विद्यमान केन्द्रबाट मात्र आम वडावासी नागरिकहरुलाई सर्वसुलभ तवरले सेवा प्रवाह गर्न नसकिएको अवस्थालाई मध्यनजर गर्दै हप्ताको दुई दिन वडाको केन्द्रबाट टाढा रहेका देहायको स्थानबाट सरोकारवाला सेवाग्राहीहरुलाई सेवा प्रवाहको व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो। पुनश्चः सेवा प्रवाह गरिने नयाँ स्थानमा कुर्सी टेवल सहितको फर्निचर, डेस्कटप कम्प्युटर, प्रिन्टर लगायतका अन्य व्यवस्थापन तत्काल मिलाउन र यसका लागि लाग्ने खर्च आकस्मिक कोषमा विनियोजित रकमबाट व्योहोर्ने व्यवस्था मिलाउने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

<u>देहाय</u>

| क्र.सं. | वडाको नाम | सेवा प्रवाह गरिने नयाँ स्थान | नयाँ स्थानबाट सेवा प्रवाह गरिने दिन |
|---|---|---|---|
| १. | १ नं. वडा | सामुदायिक स्वास्थ्य इकाइको भवनबाट | प्रत्येक विहीबार र शुक्रबार |
| २. | ५ नं. वडा | खपाङ्गीडाँडा | प्रत्येक विहीबार र शुक्रबार |
| मिति २०८०।०५।०७ गते विहीबारका दिनबाट सेवा प्रवाहको व्यवस्था मिलाउने। | | | |

**<u>निर्णय नं.</u> (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा आर्थिक वर्ष २०७९।०८० वा सोभन्दा अघि करार सम्झौता भई करार सेवामा विभिन्न पदमा निरन्तर कार्यरत कर्मचारीहरुमध्ये देहायमा उल्लिखित पदमा कार्यरत कर्मचारीहरुको तपसिल वमोजिम करार सेवाको म्याद थप गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

<u>तपसिल</u>

क. करार सेवामा कार्यरत असिष्टेण्ट सव इञ्जिनियर र सहायक कम्प्युटर अपरेटरको हकमा २०८० पौष मसान्तसम्मका लागि मात्र म्याद थप गर्ने।

ख. सि.नं. (क) देखि वाहेक अन्य पदमा करार सेवामा कार्यरत कर्मचारीको हकमा आर्थिक वर्ष २०८०।०८१ भरका लागि म्याद थप गर्ने।

**<u>निर्णय नं.</u> (९)**

प्रस्ताव नं. (९) माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय, सिन्धुलीको राहदानी शाखाबाट उपलब्ध हुने सेवालाई छिटो छरितो बनाउन साविकदेखि नै कर्मचारी व्यवस्थापनका लागि कमलामाई नगरपालिका मार्फत्

कर्ण बहादुर मगर
गाउँपालिका अध्यक्ष

गाउँपालिकाबाट आर्थिक सहयोग उपलब्ध गराउँदै आइएकोमा उक्त कार्यलाई निरन्तरता दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१०)**

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा कार्यविधि बमोजिम रीत पुगेका घ वर्गका निर्माण व्यवसायीलाई इजाजतपत्र दिने गाउँ कार्यपालिकामा निहित अधिकार गाउँपालिकाका अध्यक्षलाई प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (११)**

प्रस्ताव नं. (११) माथि छलफल गर्दा चालु आर्थिक वर्ष २०८०।०८१ का लागि विनियोजित बजेटभित्रबाट गाउँ कार्यपालिकाको कार्यालयं र मातहतका सबै निकायहरुमा चाहिने कार्यालय सामान, मसलन्द लगायतका अन्य सामाग्रीहरुको सम्बन्धमा कार्यालयबाट तयार गरिएको परिमाण बमोजिमको सम्पूर्ण सामाग्रीहरु विद्युतीय ठेक्का प्रणाली मार्फत् ठेक्का बन्दोवस्त प्रकृया अघि बढाउने र परिमाण बमोजिमको लागि तयार भएको लागत अनुमानमा नपूग हुन आउने रकम समपूरक कोष चालु खर्च शीर्षकबाट व्योहोर्ने गरी ठेक्का प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१२)**

प्रस्ताव नं. (१२) माथि छलफल गर्दा ११ नं वडाको श्री प्रावि लाम्पनडाँडाको भवनको छाना हावाहुरीले उडाएको र उक्त छाना तत्काल मर्मत गरी विद्यालय सञ्चालनमा ल्याउनुपर्ने देखिएको हुँदा पुर्वाधार विकास शाखाबाट उक्त कार्य गर्नका लागि तयार हुन आएको लागत अनुमान रु. १,६७,०००।०० बराबरको रकम मर्मतसम्भार कोषबाट खर्च व्योहोर्ने गरी सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति मार्फत् कम्तीमा पन्ध्र प्रतिशत सहभागिता जुटाउँदै तत्काल छाना मर्मत सम्भार गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१३)**

प्रस्ताव नं. (१३) विविध माथि छलफल गर्दा-

क. गाउँपालिकाको सञ्चित कोष लगायत आम्दानी र खर्च खाताहरु सरकारी बैंक मार्फत् सञ्चालन गर्नका लागि जुनसुकै सरकारी बैंकको शाखा गाउँ कार्यपालिकाको कार्यालय परिसरमा बन्दोबस्त गरी दिनका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

ख. डेंगु रोगको संक्रमण रोकथाम र नियन्त्रणका लागि प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक क्रियाकलापहरु तत्काल सञ्चालनमा ल्याउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

ग. तीनपाटन गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति, योजना तथा बजेट पुस्तिका कार्यपालिका बैठकमा जानकारी भयो र उक्त पुस्तिका गाउँपालिकाको वेभसाइट मार्फत् सार्वजनिक गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

कर्ण बहादुर मगर
गाउँपालिकाका अध्यक्ष